# मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**महालक्ष्मीस्थान , ५ ललितपुर**

**वार्षिक**

**वित्तिय विवरण**

२०८१-८२

सि ए सुविज पौडेल

सुविज एण्ड एसोसीयट्स
चार्टर्ड एकाउण्टेण्टस

**SUBIJ & ASSOCIATES**
**Chartered Accountants**

Morang, Nepal
9851254165
Subijpoudel.sp@gmail.com
PAN:126350056
Firm Regn no:1021

# स्वतन्त्र लेखापरिक्षक प्रतिवेदन

श्री मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
शेयर धनी सदस्यहरु,

वितिय विवरण उपर प्रतिवेदन

## लेखापरिक्षणको राय

हामीले **श्री मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**, महालक्ष्मीस्थान ५ ललितपुर, नेपालको यसै साथ संलग्न वितिय विवरणको लेखापरिक्षण गरेका छौं ।जसमा २०८२ आषाढ ३२ गतेको वासलात र सोही मितिमा समाप्त वर्षको आय विवरण, स्वामित्य अंशमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण, महत्वपुर्ण लेखाङ्कन नितिहरु र अन्य व्याख्यात्मक टिप्पणीहरु समावेश रहेको छ ।

## कैफियत सहितको रायको आधार

संस्थाले ऋण सुरक्षण कोषमा कर्जा बर्गिकरण अनुसारको जाखिम कोषको व्यवस्था गरि भविष्यमा हुन सक्ने जोखिम कम गर्नु पर्ने देखिन्छ.। संस्थाले ऋण नोक्सानी व्यवस्था सहकारी मापदण्ड २०७८ अनुसार रहेको छैन। स्थिर सम्पत्तिको ह्रास गणना सहकारी मापदण्ड-२०७६ बमोजिम खरिद मुंल्यमा हिसाव राख्नुपर्ने प्राबधान बमोजिम ह्रास गणना ब्यबस्था भएकोमा आयकर ऐन २०५८ दफा १९ बमोजिम गरेको पाईयो ।

३१ असार, २०८० सालको बैठकको माइनुटको अनुसार, तत्कालीन लेखा प्रबन्धक श्रीमती ज्योति गुरुङ द्वारा अपचलन् गरिएको हो । माइनुटको अनुसार, श्रीमती ज्योति गुरुङ (नागरिकता नं: २१०९९, जारी मिति: २०५१/०९/२८, स्याङ्जा जिल्ला बाट) २०७६/१०/१९ देखि कुनै पनि औपचारिक सूचना नगरि रु १४८,१६३,४१८.५६ रकम अपचलन गरेर सम्पर्कविहिन भएकी छिन् । संस्थाले निर्धाराण गरेको अपचलन रकम रु १४८,१६३,४१८.५६ संस्थाले बिभिन्न माध्यम बाट गणना गरी निकालेको छ ।
ह्रामी यो कुराको तथ्य बुझ्दै जादां, श्रीमती ज्योति गुरुङले FD Deposit receipts अधक्षको सही सहितको रसिद ग्ाहकलाई दिई रकम बुझेको र त्यो रकम संस्थाको रेकडमा नै नदेखाई स्यंम बुझेको र त्यसको हिसब किताब स्यंमनै राखेको । जानी जानी त्यसको हिसाब किताब संस्थाको सिस्टममा नदेखाई, त्यसको रकम अपचलन गरेको रहेका छ ।

तत्कालीन लेखा प्रबन्धक श्रीमती ज्योति गुरुङ द्वारा अपचलन गरिएको रकम आसुल उपचारको लागी कानूनी प्रकृयामा गएको छ ।ललितपुर जिल्ला अदालतमा हालको मुद्दा अझै विचाराधीन अवस्थामा छ।

SUBIJ & ASSOCIATES CHARTERED ACCOUNTANTS Reg No: 1021

तसर्थ, यिनै कैफियतले २०८० आषाढ ३१ गतेको वासलात र सोही मितिमा समाप्त वर्षको आय विवरण, स्वामित्य अंशमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण, सार्थक र सही छ यकिन गर्न नसक्ने हुँदा हामीले हाम्रो राय व्यक्त गर्दैनौ ।

हामीले हाम्रो लेखापरीक्षण नेपाल सहकारी वित्तीय प्रतिवेदन प्रारुप-२०७६ बमोजिम सम्पन्न गरेका छौं । यस मापदण्ड बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको "द हयाण्ड् बुक कोड अफ इथिक्स् फर प्रोफेसनल एकाउन्टेन्ट्स -The Handbook Code of Ethics for Professional Accountants_ बमोजिम हामी संस्थासँग स्वतन्त्र छौं र हामीले सो हयाण्डबुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**वित्तीय विवरणहरुका लागि व्यवस्थापन तथा शासकीय भूमिकामा रहेकाको जिम्मेवारी**

नेपाल लेखामान अनुरुप वित्तीय विवरण तयार गर्ने तथा उचित प्रस्तुती गर्ने जिम्मेबारी व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारी अन्तर्गत वित्तीय विवरण तयारी र प्रस्तुतीकरणसंग सम्बधित आन्तरकि नियन्त्रणको खाका तयार गर्ने, कार्यन्वयन गर्ने, तथा कायम राख्ने कार्यहरु पर्दछन । जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आकडासहित छैनन भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखानीतिहरुको छनौट र कार्यान्वयन गर्ने, आवश्यकता अनुसार लेखा अनुमान गर्ने कार्यहरु समेत पर्दछन ।

निकाय सञ्चालन सामर्थ्यको व्यवस्थापकीय मूल्याँकन र निकायलाई खारेज (Liquidate) गर्ने मनसाय नभएसम्म सामान्यतया वित्तीय विवरणहरु अविच्छिन्नताको मान्यतामा नै तयार गर्ने र सो को उपयूक्त खुलासा गर्ने कार्यको जिम्मेबारी व्यवस्थापनमा रहेको छ । शासकीय भूमिकामा रहेकाहरुको जिम्मेबारी निकायको वित्तीय प्रतिबेदन प्रकियाको रेखदेख गर्ने रहेँको छ ।

निरन्तर वर्षहरूमा संस्थाले घाटा व्यहोर्दै आएको तथ्यले संस्थाको गोइङ कन्सर्न (Going Concern) रूपमा निरन्तर सञ्चालन हुन सक्ने क्षमतामाथि गम्भीर शंका उत्पन्न गर्छ। यस अवस्थाको व्याख्या निम्नानुसार गर्न सकिन्छः।

निरन्तर घाटा हुनु भनेको संस्थाको आम्दानीले खर्च धान्न नसकेको अवस्था हो। यस्तो स्थिति लामो समयसम्म कायम रहँदा संस्थाको नगद प्रवाह कमजोर हुन्छ, ऋण तथा दायित्व समयमै भुक्तानी गर्न कठिनाइ उत्पन्न हुन्छ र लगानीकर्ताहरू तथा ऋणदाताहरूको विश्वास घट्न जान्छ।

यसका साथै, संस्थाले भविष्यमा आफ्ना सम्पत्ति प्रयोग गरी व्यवसाय सञ्चालन गर्न, कर्मचारीको तलब भुक्तानी गर्न, आपूर्तिकर्तालाई रकम तिर्न तथा अन्य सञ्चालन खर्च धान्न सक्ने वा नसक्ने भन्ने विषयमा अनिश्चितता बढ्छ। यदि घाटाको प्रवृत्ति सुधार गर्ने स्पष्ट योजना, पर्याप्त वित्तीय स्रोत वा व्यवस्थापनको

SUBIJ & ASSOCIATES
Reg.No: 1021
CHARTERED ACCOUNTANTS

प्रभावकारी रणनीति नदेखिएमा संस्थाको निरन्तर अस्तित्व (going concern) मा गम्भीर जोखिम उत्पन्न हुन्छ।

त्यसैले, निरन्तर घाटा व्यहोर्दै आएको अवस्थाले संस्थाको वित्तीय स्थायित्व कमजोर भएको संकेत दिन्छ र यसले संस्थाको गोइङ कन्सर्न मान्यतामाथि महत्वपूर्ण शंका सिर्जना गर्दछ।

### वित्तीय लेखापरीक्षणका लागि लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो उत्तरदायित्व समष्टिगतरुपमा वित्तीय विवरणहरु त्रुटि वा जालसाजीका कारण सारबान गलत आँकडायुक्त नभएको आस्वस्तता प्राप्त गर्नु र आफ्नो रायसहितको प्रतिवेदन जारी गर्नु हो । मनासिव माफिकको आश्वस्तता भनेको उच्च तहको आश्वस्तता हो तर नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा सारवान गलत आँकडायुक्त प्रस्तुतिकरणको सदैव पहिचान हुन्छ नै भन्ने प्रत्याभुती गर्दैन । गलत प्रस्तुतिकरण त्रुटि वा जालसाजीका कारण हुन सक्दछ र यदि तिनको एकल वा समष्टिगतकारणले त्यस्ता वित्तीय बिबरणको आधारमा लिने आर्थिक निर्णयहरुमा असर गर्दछ भने सारबान ठहरिन्छ ।

### लेखापरिक्षणका मुख्य मामलाहरु

मुख्य लेखापरीक्षण मामिला ती विषयहरू हुन् जुन हाम्रो निर्णयमा हालको अवधिको वित्तीय विवरणहरूको लेखा परीक्षणमा सबैभन्दा महत्त्वपूर्ण थियो । यी मामिलाहरू हाम्रो लेखा परीक्षणको गर्ने सन्दर्भमा र हाम्रो राय व्यक्त गर्दा सम्बोधन गरिएको छ। हामी यी मामिलाहरूमा एक अलग राय प्रदान गर्दैनौं । लेखापरिक्षणका यी प्रमुख बिषयहरु देहाय बमोजिम पहिचान गरि लेखा परिक्षण गरिएको छ ।

| लेखापरिक्षणका प्रमुख बिषयहरु | लेखापरिक्षकको प्रतिक्रिया |
|---|---|
| १. **सुचना प्रविधि प्रणाली तथा उक्त प्रणालीबाट निस्कने तथ्यांक तथा विवरण र** संस्थांको वित्तिय प्रस्तुतिकरण, सस्थांले अपनाएको सुचना तथा तथ्यांक प्रणालीबाट निस्कने तथ्यांक तथा विवरणमा आश्रित रहेको छ ।<br>तथ्यांक प्रणाली अन्तरगतको तथ्यांक तथा विवरण लेखा प्रयोजनको आवश्यक्ता बमोजिम रहे नरहेको सुनिश्रीत गर्न सुचना प्रणालीको आन्तरिक नियन्त्रण आवश्यक्ता बमोजिम प्रयाप्त तथा उपयुक्त हुनु पर्दछ । लेखा परिक्षण प्रक्रिया तथा सो को नतिजा समेत सुचना प्रणालीको उपयुक्ततामा आश्रित रहने भएकाले उक्त बिषयलाई लेखापरिक्षणको मुख्य बुंदाको रुपमा लिइएको छ । | • संस्थाले अपनाएको सुचना प्रबिधि प्रणाली संस्थाको लेखा प्रयोजनका लागी उपयुक्त रहे नरहेको नेपाल लेखा परिक्षण मानको आधारमा जांच गरिएको छ ।<br>• संस्थाले प्रयोजनमा ल्याएको कम्प्युटर तथा Software ले दिने तथ्यांक तथा विवरणहरु नमुना आधारमा रुजु गरिएको । |

SUBIJ & ASSOCIATES Reg No. 1021 CHARTERED ACCOUNTANTS

| | |
|---|---|
| २. लगानीको पहिचान मापन तथा क्षयीकरण संस्थाको लगानी अन्तर्गत विभिन्न संस्थाहरुमा रहेको मुद्दती लगानी, वचत तथा विभिन्न संस्थाहरुको ऋण तथा शेयरमा गरिएको लगानी रहेको छ ।<br>लगानी मापनका विभिन्न आधारहरु रहेको तथा सो हिसाबको जतिलताका आधारमा लगानी पहिचान, मापन तथा क्षयीकरणको बिषयलाई लेखा परिक्षणमा प्रमुख बुंदाको रुपमा लिइएको छ । | • लगानीको मापन नेपाल लेखामान बमोजिम रहे नरहेको समिक्षा गरिएको ।<br>• संस्थाको Business Model तथा अपेक्षित नगद प्रवाहको समिक्षा गरिएको ।<br>• शेयरको लगानीको मुल्यांकन परल मुल्यको आधारमा रहे नरहेको चेक जांच गरिएको । |

**अन्य कानूनी तथा नियामक निकायका आवश्यकता उपर प्रतिवेदन**

सहकारी ऐन २०७४ बमोजिम देहाएका व्यहोरा प्रतिवेदन गर्दछौ ।

क. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचनाहरु र स्पष्टिकरण प्राप्त गर्यो ।

ख. माथि रायको अधारमा उल्लेखित कैपियत बाहेक सहकारी ऐन २०७४ बमोजिम संस्थाले आफनो कारोबारको यथार्थ स्थिति स्पष्ट हुने गरी लेखा राखेको छ ।

ग. माथि रायको अधारमा उल्लेखित कैपियत बाहेक यसै प्रतिबेदनको माथि बुदांमा उल्लेख भएको सलंग्न वासलात, नाफा नोक्सानीको हिसाव र नगद प्रबाह विवरण प्रचलित कानून बमोजिम निर्धारण गरिएको लेखामान अनुरुप तयार भएको छ । त्यस्तां बिबरणहरु संस्थाले राखेको लेखासंग दुरुस्त रहेको छ ।

घ. लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराईएका स्पष्टीकरण तथा सूचनाहरुको आधारमा, हाम्रो रायमा प्रस्तुत वासलातले संस्थाको आर्थिक अवस्थाको तथा सोही मितिमा समाप्त भएको बर्षको नाफा नोक्सानी हिसाब र नगद प्रवाह विवरणले क्रमशः संस्थाको नाफा नोक्सान र नगद प्रवाहको समुचित चित्रण गर्दछ ।

सुविज एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्टस

SUBIJ & ASSOCIATES
Reg No: 1021
CHARTERED ACCOUNTANTS

सि ए सुविज पौडेल
प्रोप्राइटर

मिति :२०८२/०९/०६
स्थान : काठमाण्डौ, नेपाल
UDIN No: 251223CA01698mpq6B

# मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

महालक्ष्मीस्थान , ५ ललितपुर

वित्तिय स्थितिको विवरण

आषाढ ३२, २०८२

रकम रु.

| विवरण | टिप्पणी | आषाढ ३२, २०८२ | अषाढ ३१, २०८१ |
|---|---|---|---|
| सम्पत्ति | | | |
| गैर चालु सम्पत्ति | | | |
| जायजेथा, प्लाण्ट र उपकरण | ३.१ | ५४,४३८ | ७१,५१४ |
| लगानी | ३.२ | ५९,५०० | ५५,०२७ |
| जम्मा गैर चालु सम्पत्ति | | ११३,९३८ | १२६,५४२ |
| चालु सम्पत्ति | | | |
| लगानी सम्पत्ति | ३.२ | - | - |
| अन्य सम्पत्ति | ३.४ | १३,१९६,२३७ | १३,०७२,०४२ |
| ऋण लगानी | ३.३ | १२२,२६९,०५३ | १२४,६३१,१०९ |
| नगद र नगद सरह | ३.५ | २,८६५,३०४ | ९,४५७,६६३ |
| जम्मा चालु सम्पत्ति | | १३८,३३०,५९३ | १४७,१६०,८१३ |
| जम्मा सम्पत्ति | | १३८,४४४,५३१ | १४७,२८७,३५४ |
| पूंजी तथा दायीत्व | | | |
| पूंजी | | | |
| शेयर पूँजी | ३.६ | २३,९७२,६६६ | २३,९७२,६६६ |
| कोष | ३.७ | (१२,६३२,६४५) | (६,२१३,४५३) |
| जम्मा पूँजी | | ११,३४०,०२१ | १७,७५९,२१३ |
| दायित्व | | | |
| गैर चालु दायित्व | | | |
| निक्षप हिसाब | ३.८ | ७६,४०२,६१४ | ८१,४३७,३९२ |
| कर्मचारी लाभ दायित्व | ३.९ | - | - |
| जम्मा गैर चालु दायित्व | | ७६,४०२,६१४ | ८१,४३७,३९२ |
| चालु दायित्व | | | |
| निक्षप हिसाब | ३.८ | ४२,४४३,९४० | ३९,९०७,१५० |
| अन्य दायित्व तथा व्यवस्था | ३.१० | ६,७०९,९६२ | ६,६३०,९७० |
| आयकर व्यवस्था | ३.११ | - | ४,६४३ |
| कर्मचारी लाभ दायित्व | ३.९ | १,५४७,९८७ | १,५४७,९८७ |
| व्यवस्था | ३.१२ | - | - |
| अन्य चालु दायित्व | ३.१३ | - | - |
| जम्मा चालु दायित्व | | ५०,७०१,८९५ | ४८,०९०,७५० |
| जम्मा दायित्व | | १२७,१०४,५०९ | १२९,५२८,१४२ |
| जम्मा पूँजी र दायित्व | | १३८,४४४,५३१ | १४७,२८७,३५४ |

अनुसुची ३.१ देखी ३.१८ वित्तिय विवरणको अभिन्न अगं हुन् ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

कुम्मराज गुरुङ्ग — कार्यकारी अध्यक्ष
कृष्ण बहादुर राना — सचिव
मन कुमारी गुरुङ्ग — संचालक
मोतिप्रसाद आले — संचालक
सि ए सुविज पौडेल — प्रोप्राइटर

कर्ण बहादुर रोका — संचालक
सुर्ज बहादुर थापा — संचालक
हरि बहादुर रोका मगर — संचालक
कोशिला गुरुङ्ग — संचालक
बोधविक्रम थापा — संचालक
सुविज एण्ड एसोसियट्स — चार्टर्ड एकाउण्टेण्टस

# मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
महालक्ष्मीस्थान , ५ ललितपुर

## आय विवरण
२०८१ श्रावण १ गते देखि २०८२ आषाढ मसान्त सम्मको

रकम रु.

| विवरण | टिप्पणी | २०८१/८२ | २०८०/८१ |
|---|---|---|---|
| सञ्चालनबाट आम्दानी | ३.१४ | २,७४७,०५७ | १०,९९५,८७८ |
| अन्य आम्दानी | ३.१४ | ११६,४९७ | १४७,९७५ |
| **जम्मा आम्दानी** | | २,८६३,५५३ | ११,१४३,८५३ |
| व्याज खर्च | ३.१५ | ४,८७६,८६९ | १४,२७४,८२७ |
| कर्मचारी लाभ खर्च | ३.१६ | २,८५९,२८९ | ३,१५५,७७८ |
| ह्रासकट्टि | ३.१ | १७,०७६ | २३,७३९ |
| प्रसाशकीय र अन्य खर्च | ३.१७ | १,५२९,५११ | १,०६३,५२५ |
| **जम्मा खर्च** | | ९,२८२,७४५ | १८,५१७,८६९ |
| **कर्मचारी वोनस अगाडीको आय तथा व्यय** | | (६,४१९,१९२) | (७,३७४,०१६) |
| कर्मचारी बोनस | | - | - |
| **कर अगाडीको नाफा** | | (६,४१९,१९२) | (७,३७४,०१६) |
| आय कर खर्च | ३.१८ | - | ४,६४३ |
| **यो वर्षको खुद मुनाफा** | | (६,४१९,१९२) | (७,३७८,६५९) |

अनुसुची ३.१ देखी ३.१८ वित्तिय विवरणको अभिन्न अगं हुन् ।

| | | | | |
|---|---|---|---|---|
| कुम्मराज गुरुङ्ग | कृष्ण बहादुर राना | मन कुमारी गुरुङ्ग | मोतिप्रसाद आले | सि ए सुविज पौडेल |
| कार्यकारी अध्यक्ष | सचिव | संचालक | संचालक | प्रोप्राइटर |

| | | | | | |
|---|---|---|---|---|---|
| कर्ण बहादुर रोका | सुर्ज बहादुर थापा | हरि बहादुर रोका मगर | कोशिला गुरुङ्ग | बोधविक्रम थापा | सुविज एण्ड एसोसीयट्स |
| संचालक | संचालक | संचालक | संचालक | संचालक | चार्टर्ड एकाउण्टेन्ट्स |

# मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

महालक्ष्मीस्थान , ५ ललितपुर

## नगद प्रवाहको विवरण (अप्रत्यक्ष विधि)

२०८१ श्रावण १ गते देखि २०८२ आषाढ मसान्त सम्मको

रकम रु.

| विवरण | २०८१/८२ | २०८०/८१ |
|---|---|---|
| **संचालन गतिविधिको नगद प्रवाह** | | |
| **कर पछिको नाफा** | (६,४१९,१९२) | (७,३७८,६५९) |
| **समायोजन:** | | |
| जायजेथा, प्लान्ट र उपकरणको ह्रासकट्टि | १७,०७६ | २३,७३९ |
| लाभासं आम्दानी | (१,२६६) | (१,६४२) |
| निक्षेप हिसाबमा बढी/(घटी) | (२,४९७,९८१) | (३,१०१,३२६) |
| अन्य गैर चालु सम्पत्तिमा (बढी)/घटी | - | |
| अन्य चालु सम्पत्तिमा (बढी)/घटी | (१२४,११५) | १,६२३,०५९ |
| ऋण लगानी (बढी)/घटी | २,३६२,०५६ | १७,०६२,८०७ |
| अन्य दायित्व तथा व्यवस्थामा बढी/(घटी) | ७८,९९२ | |
| तिर्नुपर्ने आयकरमा बढी/(घटी) | (४,६४३) | |
| कर्मचारी लाभ दायित्वमा बढी/(घटी) | - | (४५९,३७२) |
| अन्य चालु दायित्वमा बढी/(घटी) | - | (४१६,८५९) |
| **सञ्चालनबाट प्राप्त नगद** | (६,५८९,१५२) | ७,३५१,७४६ |
| आय कर तिरेको | (४,६४३) | - |
| **सञ्चालन गतिविधिबाट भएको खुद नगद प्रवाह** | (६,५९३,७९५) | ७,३५१,७४६ |
| | | |
| **लगानी गतिविधिको नगद प्रवाह** | | |
| लगानीमा (वृद्धि)/कमी | - | २,३८३ |
| लाभांश प्राप्त | १,२६६ | १,६४२ |
| **लगानी गतिविधिबाट भएको खुद नगद प्रवाह** | १,२६६ | ४,०२५ |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | | |
| शेयर जारी/(फिर्ता) | - | (१२,८००) |
| **वित्तीय गतिविधिबाट भएको खुद नगद प्रवाह** | - | (१२,८००) |
| | | |
| **नगद र नगद सरहमा भएको खुद बढी/(घटी)** | (६,५९२,५३०) | ७,३४२,९७३ |
| **शुरुको नगद र नगद सरह मौज्दात (1st Shrawan 2081)** | ९,४५७,६६३ | २,११४,६९० |
| **अन्तिम नगद र नगद सरह मौज्दात ( 32nd Asadh 2082)** | २,८६५,३०४ | ९,४५७,६६३ |

कुम्मराज गुरुङ्ग
कार्यकारी अध्यक्ष

कृष्ण बहदुर राना
सचिव

मन कुमारी गुरुङ्ग
संचालक

मोतिप्रसाद आले
संचालक

सि ए सुविज पौडेल
प्रोप्राइटर

कर्ण बहादुर रोका
संचालक

धुर्ब बहादुर थापा
संचालक

हरि बहादुर रोका मगर
संचालक

कोशिला गुरुङ्ग
संचालक

पाँच किरण थापा
संचालक

कोशिला गुरुङ्ग
संचालक

सुविज एण्ड एसोसीयट्स
चार्टर्ड एकाउन्टेण्टस

# मितेरी बचत तथा ऋण सहकारीं संस्था लिमिटेड

महालक्ष्मीस्थान , ५ ललितपुर

## Change in Equity (कोषमा परिवर्तन)

### इक्विटीमा परीवर्तन

२०८१ श्रावण १ गते देखि २०८२ आषाढ मसान्त सम्मको

रकम रु.

| विवरण | शेयर पूँजी | संचित मुनाफा | जगेडा कोष | संरक्षित पूंजी फिर्ता कोष | सहकारी प्रवर्धन कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| श्रावण ०१, २०८० को मौज्दात | २३,९८५,४६६ | (२२,८०५,९९४) | ११,२६५,६०३ | ९९०,७६३ | १९,८१५ | ११,६९५,०१९ | २५,१५०,६७२ |
| लेखा नितिमा परीवर्तन | - | - | - | - | - | - | - |
| **श्रावण ०१, २०८० को पुन:वर्गीकरण** | **२३,९८५,४६६** | **(२२,८०५,९९४)** | **११,२६५,६०३** | **९९०,७६३** | **१९,८१५** | **११,६९५,०१९** | **२५,१५०,६७२** |
| वर्षको नाफा (नोक्सान) | - | (७,३७८,६५९) | - | - | - | - | (७,३७८,६५९) |
| शेयर पूँजी जारी/(फिर्ता) | (१२,८००) | - | - | - | - | - | (१२,८००) |
| शेयरधनीलाई लाभांश | - | - | - | - | - | - | - |
| **आषाढ ३१, २०८१ को मौज्दात** | **२३,९७२,६६६** | **(३०,१८४,६५३)** | **११,२६५,६०३** | **९९०,७६३** | **१९,८१५** | **११,६९५,०१९** | **१७,७५९,२१३** |

| विवरण | शेयर पूँजी | संचित मुनाफा | जगेडा कोष | संरक्षित पूंजी फिर्ता कोष | सहकारी प्रवर्धन कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| आषाढ ३१, २०८१ को मौज्दात | २३,९७२,६६६ | (३०,१८४,६५३) | ११,२६५,६०३ | ९९०,७६३ | १९,८१५ | ११,६९५,०१९ | १७,७५९,२१३ |
| लेखा नितिमा परीवर्तन | - | - | - | - | - | - | - |
| **आषाढ ३१, २०८१ को पुन:वर्गीकरण** | **२३,९७२,६६६** | **(३०,१८४,६५३)** | **११,२६५,६०३** | **९९०,७६३** | **१९,८१५** | **११,६९५,०१९** | **१७,७५९,२१३** |
| वर्षको नाफा (नोक्सान) | - | (६,४१९,१९२) | - | - | - | - | (६,४१९,१९२) |
| अन्य परीवर्तन | - | - | - | - | - | - | - |
| **आषाढ ३२, २०८२ को मौज्दात** | **२३,९७२,६६६** | **(३६,६०३,८४५)** | **११,२६५,६०३** | **९९०,७६३** | **१९,८१५** | **११,६९५,०१९** | **११,३४०,०२१** |

३. अन्य टिप्पणीहरु

३.१ जायजेथा, प्लान्ट र उपकरण

| विवरण | जग्गा | भवन | कार्यालय उपकरण | सवारी साधन | अमूर्त सम्पत्ति | जम्मा |
|---|---|---|---|---|---|---|
| **लागत** | | | | | | |
| १ श्रावण २०८१ को मौज्दात | – | – | ७३,१०९ | २१,४०१ | ७४३ | ९५,२५३ |
| थप | – | – | – | – | – | – |
| नि:सर्ग | – | – | – | – | – | – |
| आषाढ ३२, २०८२ को मौज्दात | – | – | ७३,१०९ | २१,४०१ | ७४३ | ९५,२५३ |
| **अन्य संचित ह्रास र क्षयीकरण नोक्सानी** | | | | | | |
| १ श्रावण २०८१ को मौज्दात | – | – | १८,२७७ | ५,३५० | ११२ | २३,७३९ |
| यस वर्षको ह्रासकट्टि | – | – | १३,७०८ | ३,२१० | १५८ | १७,०७६ |
| क्षयीकरणको नोक्सानको समायोजन | – | – | – | – | – | – |
| नि:सर्ग | – | – | – | – | – | – |
| आषाढ ३२, २०८२ को मौज्दात | – | – | ३१,९८५ | ८,५६० | २६९ | ४०,८१५ |
| **परल मूल्य** | | | | | | |
| १ श्रावण २०८१ को मौज्दात | – | – | ५४,८३२ | १६,०५० | ६३२ | ७१,५१४ |
| आषाढ ३२, २०८२ को मौज्दात | – | – | ४१,१२४ | १२,८४० | ४७४ | ५४,४३८ |

३.२ लगानी

क) सुचीकृत शेयरमा

| विवरण | आषाढ ३२, २०८२ | अषाढ ३१, २०८१ |
|---|---|---|
| **खुद परल मूल्य** | - | - |
| घटाउनेः गैर चालु अंश | - | - |
| **चालु सम्पत्ति** | - | - |

ख) अन्य लगानी

| विवरण | आषाढ ३२, २०८२ | अषाढ ३१, २०८१ |
|---|---|---|
| **लागत** | | |
| जिल्ला सहकारी संघ, ललितपुर | २७,५०० | २७,५०० |
| नेपाल बचत तथा ऋण केन्दिय सहकारी संघ (नेफस्कून) | ११,००० | ६,५२७ |
| राष्ट्रिय सहकारी बैंक लि. | १०,००० | १०,००० |
| जिल्ला बचत तथा ऋण सहकारी संघ (ललितपुर) | ११,००० | ११,००० |
| **अन्तिम मौज्दात** | ५९,५०० | ५५,०२७ |
| **क्षयीकरणको व्यवस्था** | | |
| शुरुको मौज्दात | - | - |
| यस वर्षको थप घट | - | - |
| **अन्तिम मौज्दात** | - | - |
| **खुद परल मूल्य** | | |
| **वर्षको अन्तिमको परल मूल्यं** | ५९,५०० | ५५,०२७ |
| घटाउनेः गैर चालु अंश | ५९,५०० | ५५,०२७ |
| **चालु सम्पत्ति** | - | - |

३.३ ऋण लगानी

| विवरण | आषाढ ३२, २०८२ | अषाढ ३१, २०८१ |
|---|---|---|
| घरेलु ऋण | ९०,८१० | ९०,८१० |
| व्यपारिक ऋण | १००,०१३,८५१ | १०१,९७३,९८१ |
| हायर पर्चेज ऋण | २२,१६४,३९२ | २२,५६६,३१८ |
| जम्मा | १२२,२६९,०५३ | १२४,६३१,१०९ |

३.४ अन्य सम्पत्ति

| विवरण | आषाढ ३२, २०८२ | अषाढ ३१, २०८१ |
|---|---|---|
| अग्रिम आय कर | १७०,२१० | १६१,०१५ |
| पेश्की | १३,०२६,०२७ | १२,९११,०२७ |
| **जम्मा** | १३,१९६,२३७ | १३,०७२,०४२ |
| घटाउनेः गैर चालु अंश | - | - |
| **चालु सम्पत्ति** | १३,१९६,२३७ | १३,०७२,०४२ |

SUBIJ & ASSOCIATES CHARTERED ACCOUNTANTS Reg No: 1021

३.५ नगद र नगद सरह

| विवरण | आषाढ ३२, २०८२ | अषाढ ३१, २०८१ |
| --- | --- | --- |
| नगद मौज्दात (व्यवस्थापनबाट प्रमाणित भए अनुसार) | १,०७७,४६८ | १,१८८,४४९ |
| **बैंक मौज्दात** | १,७८७,८३६ | ८,२६९,२१४ |
| नेपाल बंगलादेश बैंक लिमिटेड | - | ७,४९१,०९४ |
| नबिल बैंक लिमिटेड | ९९६,२५४ | |
| कृषि विकास बैंक लिमिटेड | ११८,४९१ | ११८,४९१ |
| प्रभु मानेजमेन्ट प्रा. लिमिटेड | ३००,००० | ३००,००० |
| मन्जुश्री फाइनान्सियल ईन्स्टिचुसन लिमिटेड | ९,००१ | ८,८५४ |
| ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड | २७७,८९५ | २७१,११४ |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | ३५,७४८ | ३५,२५९ |
| नेपाल बचत तथा ऋण केन्दिय सहकारी संघ (नेफस्कून) | ४२,५१४ | ४४,४०२ |
| नेफ्सकून (डिभिडेन्ड खाता) | ३,१९६ | - |
| ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड (डिभिडेन्ड खाता) | ४,७३७ | - |
| **जम्मा** | २,८६५,३०४ | ९,४५७,६६३ |

३.६ शेयर पूँजी

| अधिकृत पूँजी | आषाढ ३२, २०८२ | | अषाढ ३१, २०८१ | |
| --- | --- | --- | --- | --- |
| | संख्या | रु. | संख्या | रु. |
| प्रति शेयर रु १०० को दरले साधारण शेयर | २३९,७२७ | २३,९७२,६६६ | २३९,७२७ | २३,९७२,६६६ |

| जारी तथा चुक्ता पूँजी | आषाढ ३२, २०८२ | | अषाढ ३१, २०८१ | |
| --- | --- | --- | --- | --- |
| | संख्या | रु. | संख्या | रु. |
| वर्षको शुरुमा | २३९,७२७ | २३,९७२,६६६ | २३९,७२७ | २३,९७२,६६६ |
| **वर्षको अन्त्यमा** | २३९,७२७ | २३,९७२,६६६ | २३९,७२७ | २३,९७२,६६६ |

SUBIJ & ASSOCIATES Reg No: 1021 CHARTERED ACCOUNTANTS

३.७ कोष

| विवरण | आषाढ ३२, २०८२ | असाढ ३१, २०८१ |
|---|---|---|
| संचित मुनाफा | (३६,६०३,८४५) | (३०,१८४,६५३) |
| सधारण जगेडा कोष | ११,२६५,६०३ | ११,२६५,६०३ |
| संरक्षित पुजी फिर्ता कोष | ९९०,७६३ | ९९०,७६३ |
| सहकारी प्रवर्धन कोष | १९,८१५ | १९,८१५ |
| **अन्य कोष** | | |
| शेयर लाभांश कोष | १,३२५,८२७ | १,३२५,८२७ |
| स्थिरीकरण कोष | १४७,६२४ | १४७,६२४ |
| कर्मचारी बोनस कोष | ४७,८०३ | ४७,८०३ |
| सहकारी शिक्षा कोष | २,२९६,०५२ | २,२९६,०५२ |
| संस्था विकास कोष | १,८२६,८६० | १,८२६,८६० |
| घाटा पुर्ति कोष | ५,७५५,६०५ | ५,७५५,६०५ |
| अन्य जोखिम बेहोर्ने कोष | १४७,६२४ | १४७,६२४ |
| सामुदायिक विकास कोष | १४७,६२४ | १४७,६२४ |
| **जम्मा कोष** | (१२,६३२,६४५) | (६,२१३,४५३) |

३.८ निक्षप हिसाब

| विवरण | आषाढ ३२, २०८२ | असाढ ३१, २०८१ |
|---|---|---|
| **गैर चालु** | | |
| एक बर्षे मुद्दति | ५२,६८६,२११ | - |
| दुई बर्षे मुद्दति | २,१४९,८७६ | - |
| तिन बर्षे मुद्दति | २१,५१५,५२७ | - |
| पाँच बर्षे मुद्दति | ५१,००० | - |
| **जम्मा गैर चालु निक्षप हिसाब** | ७६,४०२,६१४ | ८१,४३७,३९२ |
| **चालु** | | |
| दैनिक बचत खाता | १,६८३,१६४ | १,६९४,९०९ |
| मितेरी बचत खाता | ३९,४४६,२४० | ३८,२१२,२४० |
| ३ महिने मुद्दति | ४३१,७८५ | - |
| ६ महिने मुद्दति | ८८०,२०० | - |
| ९ महिने मुद्दति | २,५५७ | - |
| **जम्मा चालु निक्षप हिसाब** | ४२,४४३,९४७ | ३९,९०७,१५० |
| **जम्मा निक्षप हिसाब** | ११८,८४६,५६१ | १२१,३४४,५४२ |

SUBIJ & ASSOCIATES CHARTERED ACCOUNTANTS Reg No: 1021

### ३.९ कर्मचारी लाभ दायित्व

| विवरण | आषाढ ३२, २०८२ | अषाढ ३१, २०८१ |
|---|---|---|
| कर्मचारी उपदान | १,५४७,९८७ | १,५४७,९८७ |
| जम्मा | १,५४७,९८७ | १,५४७,९८७ |
| एक वर्ष वा सो भन्दा कम वर्ष बाँकी | १,५४७,९८७ | १,५४७,९८७ |
| एक वर्ष भन्दा बढी वर्ष बाँकी | - | - |

### ३.१० अन्य दायित्व तथा व्यवस्था

| विवरण | आषाढ ३२, २०८२ | अषाढ ३१, २०८१ |
|---|---|---|
| भुक्तानी दिनु पर्ने बिमा | १०,०४७ | १०,०४७ |
| फिर्ता गर्नु पर्ने सुरक्षित डिपोजिट | ६७४,३७३ | ६८०,३७३ |
| जोखिम ब्यहोंने कोष व्यवस्था | ४,१७४,०४५ | ४,१७४,०४५ |
| जोखिम ब्यहोंने कोष व्यवस्था सरेको | १,६६२,२५२ | १,६६२,२५२ |
| भुक्तानीमा कर कट्टी-व्याजकर | ११३,८४० | २८,६९४ |
| तलबमा कर कट्टी | ९,६९१ | २,९०० |
| लेखापरीक्षण शुल्क कर | ९०० | - |
| लेखा परिक्षण शुल्क | ५९,१०० | ६०,००० |
| दिन बांकी हिसाब (सन्ड्री क्रेडिटर्स) | ५,७१५ | १२,६६० |
| जम्मा | ६,७०९,९६२ | ६,६३०,९७० |

### ३.११ आयकर व्यवस्था

| विवरण | आषाढ ३२, २०८२ | अषाढ ३१, २०८१ |
|---|---|---|
| तिर्नुपर्ने आयकर | - | ४,६४३ |
| घटाउने: अग्रिम कर | - | - |
| जम्मा | - | ४,६४३ |

### ३.१२ व्यवस्था

| विवरण | आषाढ ३२, २०८२ | अषाढ ३१, २०८१ |
|---|---|---|
| खर्चको व्यवस्था | - | - |
| सि.एस.आर.को व्यवस्था | - | - |
| जम्मा | - | - |

SUBIJ & ASSOCIATES * CHARTERED ACCOUNTANTS * Reg No: 1021

३.१३ अन्य चालू दायित्व

| विवरण | आषाढ ३२, २०८२ | अषाढ ३१, २०८१ |
|---|---|---|
| तिर्नुपर्ने लाभांश | - | - |
| **जम्मा** | - | - |

३.१४ आम्दानी

| सञ्चालनबाट आम्दानी | २०८१/८२ | २०८०/८१ |
|---|---|---|
| ऋण तथा सापटी बाट व्याज आम्दानी | २,६७७,१०० | १०,९३०,३८० |
| बैंकबाट व्याज आम्दानी | ६९,९५७ | ६५,४९८ |
| **जम्मा** | २,७४७,०५७ | १०,९९५,८७८ |

| अन्य आम्दानी | २०८१/८२ | २०८०/८१ |
|---|---|---|
| विविध आम्दानी | ११४,७३१ | १४१,२०४ |
| सदस्यता शुल्कबाट आम्दानी | ५०० | ३०० |
| जरिवाना शुल्कबाट आम्दानी | - | ४,८२९ |
| लाभांश (कर बाहेक खुद रकम) | १,२६६ | १,६४२ |
| **जम्मा** | ११६,४९७ | १४७,९७५ |

३.१५ व्याज खर्च

| विवरण | २०८१/८२ | २०८०/८१ |
|---|---|---|
| व्याज खर्च | ४,८७६,८६९ | १४,२७४,८२७ |
| **जम्मा** | ४,८७६,८६९ | १४,२७४,८२७ |

३.१६ कर्मचारी लाभ खर्च

| विवरण | २०८१/८२ | २०८०/८१ |
|---|---|---|
| तलब तथा भत्ता खर्च | २,२४३,४२९ | २,५८९,८८८ |
| दशैं भत्ता खर्च | १९३,१५७ | १९३,१५७ |
| अन्य भत्ता | १४८,९८७ | - |
| कमिसन खर्च | ५०,४१० | ५२,६४१ |
| संचयकोष खर्च | १६०,५७९ | १६८,०३४ |
| विदा बापतको खर्च | २१,६५३ | ५४,५६७ |
| खाजा खर्च | ४१,०७४ | ९७,५०१ |
| **जम्मा** | २,८५९,२८९ | ३,१५५,७७८ |

SUBIJ & ASSOCIATES ★ CHARTERED ACCOUNTANTS ★ Reg No: 1021

३.१७ प्रसाशनीक र अन्य खर्च

| विवरण | २०८१/८२ | २०८०/८१ |
| --- | --- | --- |
| घरभाडा | २६४,००० | २६४,००० |
| ईन्धन खर्च | १२१,५७५ | ११७,७५१ |
| मर्मत तथा सम्भार | ५७,४२० | ४६,००० |
| मसलन्द तथा छपाई | ३७४,०६२ | २९३,७१९ |
| बैंक शुल्क | - | १२,५९५ |
| कानुन खर्च | ४९८,५३० | ९८,००० |
| यातायात कर | - | ७५,२०० |
| पानी तथा बिजुली महसुल खर्च | ५७,२४१ | ४२,६६० |
| स्थानिय यातायात खर्च | ३६,३९० | ९,५५० |
| सुचना तथा संचार खर्च | २०,७५० | १७,३०० |
| लेखा परिक्षण शुल्क | ६०,००० | ६०,००० |
| विविध खर्च | ३९,५४३ | २६,७५० |
| **जम्मा** | १,५२९,५११ | १,०६३,५२५ |

३.१८ कर खर्च

| विवरण | २०८१/८२ | २०८०/८१ |
| --- | --- | --- |
| यो वर्षको नाफामा कर | - | - |
| **जम्मा** | - | - |

# मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
महालक्ष्मीस्थान , ५ ललितपुर
(आ.व. २०८१/०८२)

**प्रमुख लेखा नीति तथा लेखासंग सम्बन्धी टिप्पणीहरु :**

१. **सामान्य जानकारी**

**मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड,** सहकारी ऐन २०४८ बमोजिम स्थापना भएको सहकारी संस्था हो । यस सहकारी संस्थाको रजिष्टर्ड कार्यालय ठेगाना महालक्ष्मीस्थान , ५ ललितपुर रहेको छ । यो संस्थाको पान नं. ५००२१५८३२ रहेको छ ।

**संस्थाको मुख्य उद्देश्य** : स्थानीय समुदायमा छरिएको पुँजीलाई बचत र शेयरको माध्यमवाट एकिकृत गरी उत्पादनशील एवम् रोजगारमूलक क्षेत्रमा सहुलियतपूर्ण तरिकाले सदस्यहरु माझमा ऋण लगानी गरी सदस्यहरुको जीवनस्तरमा सुधार ल्याई समृद्ध समाजको निर्माणमा योगदान पुऱ्याउनु रहेको छ ।

क ) **प्रमुख लेखा नीतिको सारांश :**
यस संस्थाको वित्तिय विवरणहरु देहायका प्रमुख लेखा नीतिहरुको आधारमा तयार पारिएको छ ।

ख ) **लेखा सम्बन्धि अवधारणा तथा निति :**
वित्तिय विवरणहरु नेपाल लेखामान, लेखाका सर्वमान्य सिद्धान्तहरु, सहकारी ऐन, नियमावली, मापदण्ड तथा सहकारी विभागद्वारा जारी निर्देशनको अधिनमा रही तयार पारिएको छ । नेपाल सहकारी प्रतिवेदन प्रारुप, २०७६ साथै नेपाल लेखामान मापदण्ड बमोजिम तथा सहकारी ऐन, २०७४ र नियमावली २०७५ को दफा २८ अनुसार अभिलेख राखी वित्तीय विवरणहरु तयार पार्ने दायित्व सञ्चालक समितिको भएकाले वित्तीय विवरणका प्रयोगकर्ताहरुलाई वित्तीय विवरणका तत्वहरु बुझ्नका लागि सजिलो बनाउने उद्देश्यले यस लेखा नीति तथा लेखा सम्बन्धि टिप्पणीहरु मार्फत खुलासा गरिएको छ । सहकारीले विगतका बर्षहरुमा झैं लेखानितिहरु स्थीर रुपमा लागु गरेको छ ।

सहकारीको वित्तीय विवरणहरू यस आर्थिक वर्षदेखि लेखामान बोर्ड (ASB)_,नेपाल द्वारा व्यवस्था भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएका लघु संस्थाका लागि नेपाल लेखामान (NAS for MEs) अनुसार पहिलो पटक तयार गरिएको छ । चालु आर्थिक वर्षको वर्गीकरण/खुलासासँग मेल खाने गरी आवश्यक परेमा अघिल्लो आर्थिक वर्षको तथ्याङ्कलाई पुनः समूहबद्ध/पुनः वर्गीकृत गरिएको छ ।

ग ) **सम्लग्न वित्तीय विवरणहरु:**

- वित्तीय स्थिती उजागर गर्ने, वासलात,
- समीक्षा अवधिको वित्तीय सफलता उजागर गर्ने नाफा नोक्सान हिसाब खाता,
- सहकारीको नगद तथा नगदजन्य जिन्सी उत्पादन गर्ने क्षमताको जानकारी दिने नगद प्रवाह विवरण,
- संस्थाको इक्युटीमा भएको परिवर्तन सम्बन्धि विवरण,
- वित्तीय विवरणका प्रयोगकर्ताहरुलाई वित्तीय विवरणका तत्वहरुलाई बुझ्नको लागि सजिलो बनाउन उदेश्यले उजागर गरिएको प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु ।

SUBIJ & ASSOCIATES * SINCE CHARTERED ACCOUNTANTS * Reg No: 1021

MITERI SAVING & CREDIT COOPERATIVE SOCIETY LTD. 2057

# मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**महालक्ष्मीस्थान , ५ ललितपुर**

(आ.व. २०८१/०८२)

२. **वित्तिय विवरण तयारीका आधारहरु**

२.१ **सम्वन्धित मानहरुको अनुपालन**

वित्तिय विवरणहरु साना निकायका लागि नेपाल लेखामान मापदण्ड (NAS For MES) अनुसार तयार गरिएको छ । अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक सहकारीको लागि नेपाल वित्तिय प्रतिवेदनका प्रारुप, लेखाका सर्वमान्य सिद्धान्तहरु, स्थानीय सहकारी ऐन, २०७५, सहकारी बिभागबाट जारी भएको सहकारी सम्बन्धी मापदण्ड तथा सहकारी विभागबाट संस्थाका निरिक्षणका क्रममा दिईएका निर्देशनका अधिनमा रही तयार पारिएको छ ।

२.२ **संचालक समितिबाट वित्तिय विवरण जारी र अनुमोदनका लागि सिफारिस**

सञ्चालक समितिले वित्तिय विवरण अनुमोदन गरेको छ । बैठकमा आगामि साधारण सभामा अनुमोदनका लागि सिफारीस गर्ने निर्णय गरेको छ ।

२.३ **मापन, लेखा र लेखाङ्कनका आधारहरु**

वित्तिय विवरणहरु नेपाली मुद्रामा प्रस्तुत गरि, मुद्रा स्फिति समायोजन नगरी ऐतिहासिक लागतका आधारमा तयार पारिएका छन । नेपाल लेखा मापदण्डहरु तथा लेखाका सर्वमान्य सिद्धान्तहरु अनुरुप वित्तिय विवरणहरु तयार पार्दा केही आवश्यक लेखा अनुमानहरु गरिएका छन । साथै विभिन्न लेखा नीतिहरुका पालना गर्ने क्रममा व्यबस्थापनद्वारा विवेक पनि प्रयोग गर्नुपर्ने आवश्यकता रहेकाले सोप्रयास गरीएको छ ।

२.४ **संस्थाको निरन्तरताः**

सहकारीको संञ्चालनमा निरन्तरता रहने अवधारणा अनुसार वित्तिय बिवरण तयार पारिएको छ ।

३. **लेखासँग सम्बन्धित निति तथा टिप्पणिहरु**

३.१ **स्थिर सम्पती तथा ह्रासकट्टी खर्च**

क. **भौत्तिक सम्पत्तिहरु**

स्थिर सम्पत्तिहरु अन्तर्गत संस्थाको स्वामित्वमा दर्ता रहेका भवन तथा जग्गा, कार्यालय उपकरण तथा फर्निचर, सवारी साधनहरु, बहालमा लिएको भवनमा बिकास गरिएको सम्पत्ति (Leasehold Assets) तथा निर्माणाधीन अवस्थामा रहेका सम्पत्तिहरु पर्दछन । स्थिर सम्पत्तिको लागतको गणना गर्दा खरिद मूल्यको अतिरिक्त व्यवस्थापनको योजना अनुरुप सो सम्पत्तिलाई सञ्चालनमा ल्याउनु पूर्व आवश्यक अन्यखर्च जस्तै भन्सार महशूल, ढुवानी, जडान तथा परिक्षण खर्च, आदि सम्पूर्ण सम्बन्धित खर्चहरु समेतलाई पूँजीकृत गरिएको छ ।

स्थिर सम्पत्तिको किताबी मूल्य (Carrying Amount) लाई निसर्गका बखत वा सो सम्पत्तिको प्रयोगबाट भविष्यमा आर्थिक लाभ प्राप्त हुन सक्ने अवस्था कायम नरहेमा अपलेखन (Derecognize) गरिन्छ । स्थिर सम्पत्ति अपलेखन गर्दा सिर्जना हुने नाफा वा नोक्सानलाई नाफा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ । सहकारी ऐन, २०७४ अनुरुप नाफा नोक्सान हिसाबमा स्थिर सम्पत्ति बेच्दा नाफा भएमा जगेडा कोषमा रकमान्तर गरिन्छ । भौतिक सम्पत्तिको लेखाङ्कन सोहि अनुसार गरीएको छ ।

ख. **अमूर्त सम्पत्ति लेखांकनको आधार**

अभौतिक सम्पत्तिलाई लागत मुल्यमा प्रस्तुत गर्ने नीति लिएको छ । अमूर्त सम्पत्ति कम्प्युटर सफ्टवेयर (Intangible Assets) खरिद गरिएको कम्प्युटर सफ्टवेयर खरिद लागतको आधारमा पुँजीकरण गरिन्छ। कम्प्युटर सफ्टवेयरसँग सम्बन्धित खर्चहरु ५ वर्षको अवधिमा समदर प्रणालीका आधारमा परिशोधित गरिएको छ । उक्त सफ्टवेयर र मोवाइल एप्सलाई संस्थाले अभौतिक सम्पत्तिका रुपमा अभिलेख राखेको छ । अभौतिक सम्पत्तिलाई समदर प्रणाली (Straight Line

SUBIJ & ASSOCIATES Reg No: 1021 CHARTERED ACCOUNTANTS

Method) अनुसार ह्रासकट्टी गरिएको छ । सो सम्पत्ति निःसर्ग गर्दा भएको लाभलाइ जगेडा कोषमा र नोक्सानीलाइ निःसर्गका बखत आय विवरणमा समावेश गर्ने नीति रहेको छ ।

### ३.२ मसलन्द सामग्री

संस्थाको प्रशासनिक कामकाज र सेवा प्रदान गर्ने कार्यका दौरान प्रयोग हुने मसलन्द सामग्रीहरुलाई खरिद गरेको समयमा नै लागतका आधारमा खर्च जनाउने गरिएको छ । उपभोग गरिएको समयमा FIFO प्रणालीको आधारमा खर्चको लेखांकन गरिएको छैन ।

### ३.३ कर्जा लगानी

यस शीर्षक अन्तर्गत संस्थाका सदस्यहरु तथा कर्मचारीहरुलाइ प्रत्यक्ष रुपमा ब्याज लिनेगरी प्रदान गरिएका अल्पकालीन कर्जा, दीर्घकालीन कर्जा विभिन्न किसिमका कर्जाहरु पर्दछन् । कर्जा तथा सापटलाई कर्जा प्रवाह भएको मितिमा लेखाङ्कन गरि कर्जा चुक्ता भुक्तान गरेको मितिमा फर्छ्यौट भएको जनाईएको छ । सहकारी मापदण्ड अनुरुप सदस्यमा लगानी भएको ऋणलाइ असल ऋण, शंकास्पद ऋण र खराब ऋणका रुपमा बर्गीकरण गरिएको छ । वासलातका सम्पत्तितर्फ कुल ऋण रकम अल्पकालिन र दिर्घकालिन रुपमा प्रस्तुत गरिएको छ भने दायित्व तर्फका जगेडा कोष तथा व्यवस्था अन्तर्गत कुल ऋण नोक्सानी ब्यबस्थालाइ प्रस्तुत गरिएको छ । कर्जाको बर्गिकरण ऋण जोखिम कोषको गणनामा छुटयाइएको छ ।

### ३.४ कर्जा/ऋण सुरक्षण व्यबस्था

ऋण तथा सापटमा निहित जोखिमलाइ न्युनीकरण गर्न ऋण तथा सापटीलाइ सहकारी मापदण्ड, ऐन, नियम अनुसार देहाय बमोजिम बर्गीकरण गरी ऋण सुरक्षण व्यबस्था गरिएको छ । ऋण लगानी तर्फ वर्षान्तमा असुल गर्न बाँकी कुल लगानीमा रहेको ऋण रकमलाई असुलीको अवस्थाको आधारमा असल ऋण (भाखा ननाघेको), शंकास्पद ऋण (१ देखि १२ महिना सम्म भाखा नाघेको) र खराब ऋण (१२ महिना भन्दा बढी भाखा नाघेको) मा वर्गीकरण गरिएको छ । यसरी वर्गीकरण गरिएका ऋणहरूको लागि सहकारी संस्थाले एकीकृत निर्देशन अनुसार व्यवस्था गरेको छैन ।

### ३.५ लगानी तथा जम्मा

संस्थाले सहकारी संघ तथा सहकारी बैंकको शेयरमा लगानी गरेको र नियमित बचत गरेकोछ । यस्ता लगानीबाट प्राप्त लाभांश तथा बचतको ब्याज आय विवरणमा समाबेश गरीएको छ । संस्थाले राष्ट्रिय सहकारी बैंक र अन्य संघ संस्थाको शेयरमा गरेको लगानी तथा मुद्दती लगानीलाई यस शीर्षक अन्तर्गत राखिएको छ ।

### ३.६ बैक तथा नगद मौज्दात

नगद प्रवाह विवरणको लागि नगद र नगद सँग बराबरी हुने सम्पत्तिहरु हातमा रहेको नगद, बैंक र वित्तीय संस्थाहरुमा रहेको ब्यालेन्स (छोटो आवधिक समेत), कल र छोटो सूचना मितिमा उपलब्ध हुने रकम र खरिद मितिबाट तीन महिना वा सोभन्दा कम अवधि रहेको अत्यधिक तरल वित्तीय सम्पत्तिहरु समावेश छन् जसमा निष्पक्ष मूल्यमा परिवर्तनको नगण्य जोखिम हुन्छ र सहकारीले आफ्नो छोटो अवधिको प्रतिबद्धताहरुको व्यवस्थापनमा प्रयोग गर्दछ। नगद र नगद सँग बराबरी हुने सम्पत्तिहरुको विवरण तल प्रस्तुत गरिएको छ ।

### ३.७ पुंजीकृत नगरिएका सम्पत्ति

एक बर्षभन्दा कम समय टिक्ने र वा एक हजार रुपैंया भन्दा कम मुल्य रहेका सामानहरु पुंजीकृत

SUBIJ & ASSOCIATES * CHARTERED ACCOUNTANTS * Reg No: 1021

नगरी खरिद गरेको बर्षमा खर्च लेख्ने गरिएको छ ।

### ३.८ अग्रिम भुक्तानी

भविष्यमा प्राप्त गरिने सेवाहरु जस्तै बीमा, भवनको बहाल, सञ्चार सेवा, करार अन्तर्गतका मर्मत सम्भार सेवा र अन्य विविध सेवाहरुको आपूर्तिका लागि अग्रिम रुपमा भुक्तानी गरिने रकम नै अग्रिम भुक्तानी हो । अग्रिम भुक्तानी गरिएको रकमलाई भुक्तानी मितिमा पूर्ण मूल्यमा सम्पत्तिका रुपमा लेखाङ्कन गरिन्छ र सेवाको आपूर्ति भएको मितिमा वा सेवाको समयावधि समाप्त भएको मितिमा नाफा नोक्सान हिसाबमा खर्च जनाईन्छ ।

**अग्रीम आयकर :** यस आ.व.को आय विवरण बमोजिम संस्थाको आयकर दायित्व आयकर ऐन बमोजिम १० प्रतिशत लाग्ने भएकोले सो करका निमित्त अग्रिम आयकरको व्यवस्था गरिएको छ ।

### ३.९ आयकर खर्च तथा व्यवस्था

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिकोछ । चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर तथा कर सम्बन्धी कानून वासलात मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिएकोछ ।

आम्दानीमा कट्टी भएको विवरण प्राप्त भइ नसकेकोले आन्तरिक राजश्व कार्यालयबाट अन्तिम कर निर्धारण भएको समयमा यस आ.व.मा बढी दाखिला आयकर परिवर्तन हुन सक्नेछ ।

### ३.१० शेयर पुँजी

शेयर पुँजीले सहकारीमा बाँकी रहेको चासोको प्रतिनिधित्व गर्छ । यी शेयरहरु धारकहरुको विकल्पमा बेच्न सकिने हुन्छन् तर NAS 32 वित्तीय उपकरणहरुको प्रस्तुति अनुसार परिच्छेद 16A/16B अनुसार इक्विटीको रुपमा वर्गीकरण गर्न योग्य हुन्छन् । विद्यमान कानून अनुसार, सदस्यहरुले सहकारीलाई आफ्नो विवेकमा शेयरहरु फिर्ता गर्न आवश्यक पर्न सक्छ । प्रति शेयर अंकित मुल्य १०० रहेको छ । सबै शेयरहरु एउटै श्रेणीका हुन्छन् र लाभांश वा अन्य कुनै सम्बन्धमा फरक अधिकार भएका शेयरहरु छैनन् । शेयर पुँजी अन्तर्गत सदस्यहरुले लगानी गरेको रकम रहेको छ ।

### ३.११ कोषहरु

सहकारी संस्थाका खुद नाफाको रकमबाट २५ प्रतिशत रकम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाइ शत प्रतिशत मानी सोबाट २५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोष र शुन्य दशमलव पाँच प्रतिशत सहकारी प्रवद्धन कोषमा छुट्टयाएर बाँकी रहेको रकमलाइ शतप्रतिशत मानी देहाय बमोजिमका कोषहरुमा देहायको दरले कोषको वितरण गरिएको छ । शेयर लाभांस कोष २० प्रतिशत, कर्मचारी बोनश कोष १० प्रतिशत, सहकारी विकाश कोष १० प्रतिशत, सहकारी शिक्षा, तालिम कोष २० प्रतिशत, घाटा पुर्ति कोष १० प्रतिशत, डुबन्त ऋण कोष कोषमा १० प्रतिशत, अन्य जोखिम व्यवस्थापन कोषमा २० प्रतिशत, छुट्टयाएको छ ।

SUBIJ & ASSOCIATES
Reg No: 1021
CHARTERED ACCOUNTANTS

**३.१२ बचत/निक्षेप**

सदस्यको निक्षेप खाताहरुमा रहेको स्वदेशी मुद्राका अनिवार्य निक्षेप, ऐच्छिक बचत निक्षेप, ऐच्छिक मुद्धती निक्षेप तथा अन्य निक्षेपहरु यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएकोछ । निक्षेप संस्थामा जम्मा भएको मितिमा लेखाङ्कन गरि र भुक्तानी भएकोँ मितिमा निक्षेपको फछ्यौंट भएको मानिएको छ ।

**३.१३ बाह्य कर्जा :**

सहकारीको बाह्य कर्जा लिएको छैन ।

**३.१४ दिर्घकालिन दायित्वः** सहकारीको दिर्घकालिन दायित्व रहेको छैन ।

**३.१५ तिर्नुपर्ने खर्च तथा चालु दायीत्व**

यस शीर्षक अन्तर्गत संस्थाले भुक्तानी गर्न बाँकी विविध कर दायित्व, अल्पकालीन सापटी, बक्यौता ब्याजहरु, आर्जन भई नसेको अग्रिम आम्दानी, विविध साहूहरु तथा अन्य दायित्वहरु पर्दछन् ।

**३.१६ निक्षेप ब्याज खर्च**

सबै किसिमका निक्षेप दायित्वमा तिर्नुपर्ने ब्याजलाइ पाकेको आधारमा लेखाङ्कन गरिएको छ । आसाढ मसान्तमा ब्याज खर्च कर कट्टिगरि पुँजिकरण गरिएको छ ।

**३.१७ कर्मचारी सापटी, कर्जा तथा पेश्की**

कर्मचारी कर्जा नियमावलीको अधिनमा रहि कर्मचारीहरुलाई प्रदान गरिएको कर्जाहरुलाई कर्मचारी कर्जा तथा पेश्कीलाइ शिर्षकमा लेखांकन गरिएको छ । उक्त ऋणहरु असुली नियमित रुपमा कर्मचारीहरुको तलवभत्ताबाट गर्ने गरिएको छ । साथै यस प्रकार कर्मचारीहरुलाई प्रदान गरिइको कर्जाहरुलाई वासलातको अन्य सम्पत्ति अन्तर्गतको प्रस्तुत गरिइको छ ।

**३.१८ ब्याज आम्दानी तथा पाउनुपर्ने ब्याज**

सहकारी मापदण्ड,ऐन तथा नियमावली अनुसार ब्याज आम्दानीलाइ नगद प्राप्तीको आधारमा लेखाङन गरिएको छ । ऋण लगानी गर्दा प्राप्त हुने ब्याज आम्दानीलाई नगद प्राप्तिका आधारमा आयमा समावेश गरिएको र पाउन बाँकि ब्यजलाइ आम्दानी जनाई मुल्तवी ब्याज हिसाब सम्पत्ति तथा दायित्वमा देखाइएको छ ।

**३.१९ शुल्क तथा अन्य आम्दानी**

सदस्यता शुल्क तथा ऋण स्विकृतिसँग सम्बन्धित अन्य आम्दानीहरु कारोबार भएका समयमानै आय लेखाङ्कन गरिएको छ ।

**३.२० व्यवस्था, संभावित दायित्व र सम्भावित सम्पत्ति**

संस्थाले आफनो विगतका घटनाक्रमका फलस्वरुप वर्तमानमा कुनै दायित्व सृजना हुने भएमा, आर्थिक लाभ हुने श्रोत बाहिरिने संभावना रहेको तथा दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार भएका अवस्थामा सस्थाले व्यवस्था सृजना गर्ने गरेको छ । कुनै पनि संभावित दायित्व जसले भविष्यमा साधनको बहिर्गमन सृजना गर्न सक्दछ, त्यसका लागि संभावित दायित्वको लेखाङ्कन गरिन्छ । तर संभावित वा बर्तमान दायित्व जसले भविस्यमा साधनको बहिर्गमन सृजना गर्नसक्ने अवस्था न्युनछ सोका लागि कुनै व्यबस्था गरिएको छैन। संभावित सम्पत्तिका वित्तिय विवरणहरुमा लेखाङ्कन गरिदैन तर यसको नियमित रुपमा मुल्याङ्कन गरिन्छ र यदि कुनै आर्थिक साधनको प्राप्ति संस्थाको सम्भावित

SUBIJ & ASSOCIATES
Reg No. 1021
CHARTERED ACCOUNTANTS

दायित्वहरुलाइ वासलातका अभिन्न अंगका रुपमा देखाईन्छ । यस आ.ब.मा सस्थामा सम्भावित रकम अनुमान देखिदैन ।

**३.२१ प्रतिवेदन अवधि पछिका घटनाहरु**

प्रतिवेदन अवधि अन्त्य पश्चातको समायोजन हुने घटनाहरु प्रतिविम्वित हुने गरी सहकारी वित्तिय विवरणमा लेखाङ्कित रकमहरुका साथै सम्बन्धित खुलासाहरु समायोजन गर्ने नीति रहेको छ । यस वित्तिय विवरण तयार गर्दा कुनै पनि समायोजन हुने घटनाहरु घटेका छैनन् ।

**४. MEs को लागी NAS को पहिलो पटक ग्रहण**

वित्तीय विवरणहरु नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) द्वारा जारी गरिएको लागू हुने नेपाल फाइनान्सियल रिपोर्टिङ स्ट्यान्डर्ड्स फर माइक्रो एन्टिटीज (NAS for MEs) अनुसार तयार गरिएको हो । जुन संक्रमण मिति १ श्रावण, २०८० को साथ १ श्रावण २०८१ देखि लागू हुनेछ । ३२ असार, २०८२ समाप्त भएको वर्षको लागि यी वित्तीय विवरणहरु MEs को लागि NAS अन्तर्गत फर्मले तयार गरेको पहिलो हो । ३१ असार २०८१ को समाप्त भएको वर्ष सम्मका सबै अवधिका लागि, फर्मले पहिले जारी गरेको नेपाल लेखा मानक (यसपछि अघिल्लो GAAP भनिन्छ) अनुसार आफ्नो वित्तीय विवरण तयार गरेको छ ।

MEs को लागी NAS को ग्रहण MEs को लागी NAS मा संक्रमण, धारा २५ अनुसार गरिएको छ । धारा २५ ले MEs को लागी सबै NAS/MEs को वित्तीय विवरण को लागी पहिलो NAS को लागी जारी गरिएको र प्रभावकारी व्याख्याहरु प्रस्तुत गरिएका सबै वित्तीय वर्षहरुको लागी पूर्वव्यापी र लगातार लागू गर्न आवश्यक छ । तदनुसार, फर्मले ३२ असार, २०८२ समाप्त भएको वर्षको लागि माइक्रो एन्टिटीज लागि NAS पालना गर्ने वित्तीय विवरणहरु, ३१ असार, २०८१ मा समाप्त भएको वर्षको तुलनात्मक जानकारी र एसएमईहरुको लागि खोल्ने NAS वित्तीय स्थिति विवरणको रुपमा तयार गरेको छ । १ श्रावण, २०७९ मा, MEs को लागि NAS मा संक्रमणको मिति हो ।

MEs वित्तीय विवरणहरुको लागि यी NAS तयार गर्दा, फर्मले तल व्याख्या गरिए अनुसार धारा २५ अनुसार केही छुटहरु र अपवादहरु प्राप्त गरेको छ। MEs र अघिल्लो GAAP को लागि NAS अन्तर्गत संक्रमण मितिको रुपमा वित्तीय विवरणहरुमा सम्पत्ति र दायित्वहरुको बोक्ने मूल्यहरु बीचको भिन्नता सिधै इक्विटीमा पहिचान गरिएको छ (रिटेन्ड आय वा इक्विटीको अर्को उपयुक्त वर्ग) । यस टिपोटले १ श्रावण, २०८० को वित्तीय स्थितिको विवरण र ३१ असार, २०८१ मा समाप्त भएको वर्षको लागि वित्तीय विवरणहरु सहित, आफ्नो अघिल्लो GAAP वित्तीय विवरणहरु पुनः स्थापना गर्दा फर्मद्वारा गरिएका समायोजनहरुको व्याख्या गर्दछ ।

**४.१. रिट्रोस्पेक्टिभ एप्लिकेसनबाट छुटहरु**

धारा २५ ले पहिलो पटक अपनाउनेहरुलाई MEs को लागि NAS अन्तर्गत निश्चित आवश्यकताहरुको पूर्वव्यापी आवेदनबाट केही छुटहरु अनुमति दिन्छ । फर्मले पूर्वव्यापी आवेदनबाट निम्न ऐच्छिक छुटहरु लागू गर्न छनौट गरेको छ. सम्पत्ति, प्लान्ट र उपकरण र अमूर्त सम्पत्तिहरुको लागि मानिएको लागत: फर्मले यसका सबै सम्पत्ति, बिरुवा र उपकरण, अमूर्त सम्पत्तिहरु अघिल्लो GAAP बोक्ने रकमलाई MEs को लागि NAS मा सरुवा भएको मितिमा यसको मानिएको लागतको रुपमा मापन गर्न चयन

SUBIJ & ASSOCIATES Reg No: 1021 CHARTERED ACCOUNTANTS

गरेको छ ।

**४.२. रिट्रोस्पेक्टिभ एप्लिकेसनका लागि अपवादहरु**

फर्मले धारा २५ अन्तर्गत अनिवार्य रुपमा आवश्यक पर्ने MEs को लागि NAS को पूर्वव्यापी आवेदनमा निम्न अपवादहरु लागू गरेको छ:

**क) अनुमान**

अघिल्लो GAAP वित्तीय विवरणहरु अन्तर्गत गरिएको अनुमानहरुको मूल्याङ्कनमा, फर्मले निष्कर्ष निकालेको छ कि माइको एन्टिटीज लागि NAS अन्तर्गत अनुमानहरु परिमार्जन गर्न आवश्यक छैन, किनकि ती अनुमानहरु त्रुटिमा थिए भन्ने कुनै वस्तुनिष्ठ प्रमाण छैन। यद्यपि, अनुमानहरु जुन MEs को लागि NAS अन्तर्गत आवश्यक थियो तर अघिल्लो GAAP अन्तर्गत आवश्यक छैन, फर्मद्वारा त्यस मितिमा अवस्थित अवस्थाहरु प्रतिबिम्बित गर्ने प्रासंगिक रिपोर्टिङ मितिहरुको लागि बनाइएको छ ।

**ख) वित्तीय सम्पत्तिको वर्गीकरण र मापन**

अन्य व्यापक आय मार्फत परिशोधित लागत वा उचित मूल्यमा मापन गरिने वित्तीय सम्पत्तिहरुको वर्गीकरण एसएमईहरुको लागि NAS मा सरुवा भएको मितिमा अवस्थित तथ्य र परिस्थितिहरुको आधारमा बनाइन्छ ।

**ग) वित्तीय संम्पत्ति र दायित्वहरुको मान्यता रद्द**

फर्मले वित्तीय सम्पत्तिहरु र वित्तीय दायित्वहरु यदि कुनै छ भने डि-रिकोग्निसन आवश्यकताहरु लागू गरेको छ ।

**४.३. MEs को लागि NAS मा संक्रमण - मेलमिलाप**

निम्न मेलमिलापहरुले धारा २५ अनुसार एमईहरुका लागि अघिल्लो GAAP बाट NAS मा संक्रमणबाट उत्पन्न हुने भिन्नताहरुको स्पष्टीकरण र मात्रा प्रदान गर्दछ:

४.३.१ असार २०८१ मा वासलातका मेलमिलाप

४.३.२ असार २०८१ समाप्त भएको वर्षको नाफा नोक्सान विवरणको मेलमिलाप नगद प्रवाहको विवरणमा समायोजन । अघिल्लो GAAP जानकारी ३१ असार, २०८१ र ३१ असार, २०८० को समाप्त भएको वर्षको लागि फर्मको लेखा परीक्षित वित्तीय विवरणहरुको आधारमा आवश्यक भएमा, MEs को लागि NAS अनुसार पुनः वर्गीकृत र पुनः समूहीकृत गरिएको छ । नगद र नगद बराबर बाहेक अन्य बैंक ब्यालेन्सहरु छन् । अब नगद प्रवाहको विवरणको प्रस्तुतिको लागि नगद र नगद बराबरको घटकहरुबाट बहिष्कृत गरिएको छ ।

SUBIJ & ASSOCIATES CHARTERED ACCOUNTANTS Reg No: 1021